"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार, समृद्ध छथर निर्माणको आधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शुक्रवारे, तेह्रथुम

कोशी प्रदेश, नेपाल

पत्र सङ्ख्या: २०८०/०८१ फोन नं. ०२६-४२००९९

सूचना नं: ८०५

सूचना ! सूचना !! सूचना !!!

**बिषय:- न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन पेस गर्ने सम्बन्धमा।**

**मिति २०८०/१०/२८**

उपरोक्त सम्बन्धमा रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आर्थिक बर्ष २०८१/८२ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लगि रुपान्तरण पहल आयोजना कार्यान्वयनबाट सामाजिक र आर्थिक अवसरबाट बञ्चित व्यक्ति, महिला, आदिबासी-जनजाती, दलित तथा सिमान्तकृत समुदाय लगायतलाई न्युनतम रोजगारीमा संलग्न भई सार्बजनिक बिकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ देखी ५९ बर्ष उमेर समूहका बेरोजगार नेपाली नागरिकहरुले २०८० फाल्गुन ०१ गते देखि फाल्गुन ३० गतेसम्म आफुले स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यलयमा बेरोजगार व्यक्तिको सुचीमा सूचीकृत हुनको लागी विवरणहरु ( परिवारको सदस्यहरुको समेत सबै विवरणहरु) नछुटाई भर्नुहुन अनुरोध छ। अन्यथा अपूर्ण भरिएका फारमहरु स्वत: रद्द हुने छन। साथै तपसिल बमोजिमका विवरणहरु अनिवार्य रुपमा उपलब्ध गराई फारमहरु भर्नका लागि वडा कार्यालय बाट सहजीकरण हुने छ ।

तपसिल:-

१ नेपाली नागरिकताको फोटोकपी – १ थान

२ पासपोर्ट साइजको फोटो -१ थान

३ परिवारका सदस्यहरुको जन्ममिति, नागरिकता नं. र जारी मिति नागरिकता नभएको खण्डमा फारममा जन्ममिति उल्लेख गर्नुपर्नेछ।

४ छथर गाउँपालिकामा वसोबास गरेको नदेखिएमा बसाइसराई तथा बिवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि।

नोट:- आवेदन फारम छथर गाउँपालिका रोजगार सेवा केन्द्र र सम्बन्धित वडा कार्यालयबाट नि:शुल्क रुपमा प्राप्त गर्न सकिनेछ साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np मा समेत उपलब्ध छ।

.....................

गुणराज बानियाँ

निमित्त प्रमुख प्रशासकीय अधिकृत